# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, भदौ ४ गते, २०८३ साल (संख्या २८

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकारले नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

<u>सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता</u>

| क्र.सं. | सेवाको पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त गरेको। |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त गरेको। |
| ३. | राजपत्राङ्कित द्वितीय श्रेणीको विशेषज्ञ पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको। |
| ४. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषय सहित स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको। |
| ५. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित कक्षा १२ (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| ६. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा जी.पी.ए. दुई प्राप्त गरी उत्तीर्ण वा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। |

**आज्ञाले,**
**डा. घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।